# वडामा अब अनलाइन सेवा

नेपालगञ्ज, पुष १८ गते– नगर क्षेत्रमा व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा कार्यक्रमलाई सहज र प्रभावकारी बनाइदैछ । नेपालगञ्ज उपमहानगरपालिकाका हरेक वडामा अब अनलाईन प्रणालीमार्फत व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता वितरण सेवालाई व्यवस्थित गरिन लागिएको हो । २३ वटै वडाका वडा सचिव र सहायकलाई लक्षित गरेर नेपालगञ्ज उपमहानगरपालिका उपमहानगर कार्यपालिकाको कार्यालयले ४ दिने प्रशिक्षण कार्यक्रम सञ्चालन गरेपछि अबको केही दिनमै सो सेवा शुरु गरिने भएको हो ।

प्‍लान इन्तरनेशलन नेपालको सहयोगमा उपमहानगरपालिकाद्धारा सञ्चालित कार्यक्रममा सामाजिक सुरक्षा सिद्धान्त , प्रयोग, घटना दर्ता प्रमाणीकरण , दर्ता नवीकरण , मृत्यू दर्ता , बसाई सराई , विवाह दर्ता लगायतमा सञ्चार प्रविधि(अनलाईन)को प्रयोग , उपादेयता र सहजता लगायतका विषयमा सहभागिलाई सिकाइएको थियो । उपमहानगरपालिकाका नगर प्रमुख डा. धवल शमशेर राणाद्धारा उदघाटित कार्यक्रममा शाखा अधिकृत एवं कार्यक्रम संयोजक गणेश न्यौपाने , उपमहानगरपालिका सूचना प्रविधि अधिकृत घनश्याम बर्मा , खजुरा गाउँपालिकाका सूचनाप्रविधि अधिकृत सुरेश साहु , वैजनाथ गाउँपालिकाका वडा सचिव निम बहादुर थापा , कोहलपुर नगरपालिकाका कम्प्यूटर अपरेटर करुणा विष्ट , डुडुवा गाउँपालिकाका कम्प्यूटर अपरेटर शिव कुमार मौर्य लगायतले सहजीकरण गर्नु भएको थियो ।

समापन समारोहमा नेपालगञ्ज उपमहानगरपालिकाका उपमेयर उमा थापा मगरले जनशक्ति व्यवस्थापनसँगै सूचना प्रविधि लगायतमा दक्षता अभिवृद्धि गर्नुपर्ने आवश्यक्तामा जोड दिनु भयो । अनलाईन सेवाले वडाको काम , कारवाहीलाई सहज र प्रभावकारी बनाउने विश्वास पनि उहाँले व्यक्त गर्नु भयो । यस्तै प्लान इन्टरनेशनल नेपालगञ्जका म्यानेजर स्नेहलता श्रेष्ठले कर्मचारीको क्षमता विकासमा सहकार्यका लागि प्रतिवद्धता व्यक्त गर्नु भयो ।




(VERSP-MIS System)


(VERSP-MIS System)